जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४२ अंक २० २०८० साल पुस ८ गते आइतवार (24 Dec. 2023 Sunday) मूल्य रु. ७/-

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** रगतमा कोलेस्ट्रोरेलको ... **पृष्ठ ३ मा :** मानव अधिकार वर्ष पुस्तक ... **पृष्ठ ४ मा :** मिसन ८४ : राजनीतिक ठगी ... **पृष्ठ ५ मा :** उच्च अदालत बार एशोसिएशन ...

# सात महिनादेखी वेपत्ता किशोरीको दिल्लीमा रहस्यमय मृत, एक जना पक्राउ

**राजविराज**/सात महिनादेखी वेपत्ता सप्तरीकी एक किशोरी भारतमा मृत अवस्थामा फेला परेकी छिन् । २०८० जेठ २० गतेदेखी वेपत्ता भएकी सप्तरीको विष्णुपुर गाउँपालिका ४ बेल्हा टोल निवासी रमेश कुमार यादवकी १५ वर्षिया छोरी दीपा भारतको राजधानी नयाँ दिल्लीमा मृत अवस्थामा फेला परेकी हुन् ।

नयाँ दिल्लीस्थित लाजपत नगरमा सप्तरीकै डाक्नेश्वरी नगरपालिका ६ बथनाहा टोलका २१ बर्षिय रोशन कुमार मण्डलले लिएको भाडाको कोठामा उनको शव फेला परेको छ ।

दीपाको शव फेला परेको बारे दिल्ली पुलिसले जिल्ला प्रहरी कार्यालय सप्तरीलाई जानकारी गराएपछि आफूहरुले थाहा पाएको मामा चन्द्रशेखर यादवले बताएका छन् । घटना बारे खबर पाएपश्चात् दिल्ली पुगेका आफन्तले शनिबार शव बुझेर उतै अन्तिम संस्कार समेत सकाएका छन् ।

पोष्टमार्टम रिपोर्ट केही दिनपछि आउने र त्यसपछि थप कानुनी प्रक्रिया अघि बढ्ने दिल्ली पुलिसले बताएको मृतकका बुबा रमेशले जानकारी दिएका छन् ।

उक्त कोठा भाडामा लिने रोशनलाई दिल्ली पुलिसले पक्राउ गरि नियन्त्रणमा राखी बयान लिने काम सुरु गरेको समेत उनले जानकारी दिए । प्रारम्भिक बयानमा दीपाले आत्महत्या गरेको भनी रोशनले बयान दिएका छन् । यद्दपी किशोरीका आफन्तले अपहरण पश्चात् दीपाको हत्या नै गरिएको दाबी गरेका छन् ।

हत्या लुकाउन रोशनले आत्महत्या गरेको देखाउने प्रयास गरेपनि शव बरामद भएको स्थानमा आत्महत्याको कुनै संकेत फेला नपरेको दिल्ली पुलिसलाई उद्धृत गर्दै बुबा रमेशले बताए । उनका अनुसार गत जेठ २० गते राती ११ बजेतिर अत्याधिक गर्मी भई परिवारका सदस्यहरु घर बाहिर निस्की डगरमा हिंडडुल गरिरहेका बेला दुई वटा भारतीय नम्बरको मोटरसाइकल चढेर रोशनसहित आएका चार जना युवाले हतियार देखाउँदै दीपालाई जबरजस्ती मोटरसाइकलमा राखी लगेका थिए ।



मृत्यु भएका सप्तरीको विष्णुपुर गाउँपालिका ४ बेल्हा टोल निवासी रमेश कुमार यादवकी १५ वर्षिया छोरी दीपा यादव ।

यस बारे प्रहरीलाई तत्कालै जानकारी गराउँदा पनि सक्रियता नदेखाएको र चोर बाटोको प्रयोग गरि छोरीलाई अपहरण गरि सीमा कटाएर भारततर्फ भाग्न सफल भएको बुबा रमेशको गुनासो छ ।

घटनाको भोली पल्टै जेठ २१ गते आफूले रोशनसहित चार जना बिरुद्ध अपहरण, शरीर बन्धक, जबरजस्तीकरणी र मानव बेचबिखन सम्बन्धी कसुरमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिने प्रयास गरे पनि प्रहरीले दर्ता गर्न अस्वीकार गरेको उनको कथन छ । त्यसपछि हुलाकबाट पनि जाहेरी दरखास्त पठाएको उनले बताए ।

तर पनि प्रहरीले खासै चासो नदेखाउदा न्यायका लागि जिल्ला प्रहरी कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालयलाई बिपक्षि बनाउँदै उच्च अदालत जनकपुर-राजबिराज इजलाशमा पुगेपछि २०८० असोज १२ गते बिपक्षिको नाउँमा परमादेश समेत जारि भएको उनले जनाएका छन् ।

न्यायाधिश मुनेन्द्र प्रसाद अवस्थी र बिमल सुबेदीको संयुक्त इजलाशद्वारा बिपक्षिलाई जारि आदेशमा पीडितको जाहेरी दरखास्त सनाखत गरि जे जो बुझ्नु पर्छ बुझि आवश्यक निकास दिनु भनी उल्लेख गरिएको थियो । तर, अदालतको सो आदेश जारी भइसक्दा पनि प्रहरीले समयमै आवश्यक पहल नगर्दा यस्तो दुःखद घटना हुन गएको मृतकका आफन्तजनको गुनासो छ ।

दीपा राजविराजस्थित रोज पब्लिक स्कुलमा कक्षा १० मा अध्ययनरत थिइन् । यसै वर्ष एसइइ परिक्षा दिएकी उनको अपहरणपछि एक महिनाअघि गाउँमा पंचायती समेत बसेको गाउँलेहरुले बताएका छन् । पंचायतीमा रोशनका अभिभावकले रमेशको छोरी भारतमा सुरक्षित रहेको र ८ दिनभित्र सकुशल जिम्मा लगाइदिने प्रतिबद्धता जनाएका थिए ।

तर रोशनका अभिभावकले सो प्रतिबद्धता पूरा नगरेको र अचानक दीपाको मृत्यु भएको खबर सुन्नु परेको स्थानीयवासी सन्तोष कुमार यादवले बताए । दीपको मृत्यु भइसकेपछि उक्त घटनामा संलग्न चार जना बिरुद्ध पीडित परिवारले कर्तव्य ज्यान मुद्दामा किटानी जाहेरी दिने तयारी गरेको मामा चन्द्रशेखरले सुनाए ।

घटनाको बारेमा सत्यतथ्य बुझि चाडो भन्दा चाडो दोषिलाई कारवाही गर्न पीडित परिवारले माग गरेका छन । पीडित पक्षलाई कानुनी सहायता उपलब्ध गराइरहेका अधिवक्ता बिनोद कुमार पाण्डेले समयमै प्रहरी चनाखो बन्दा यस्तो पीडादायी घटना हुन पुगेको बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले किशोरीलाई जरबजस्ती भारततर्फ लगेको घटनाको समयमा आफूहरु जिल्ला प्रहरी कार्यालय सप्तरीमा नरहेको बताउँदै सरुवा भएर सप्तरी आएपछि घटनाका बारेमा खोजि तथा अनुसन्धानमा सक्रिय भइलागेको दाबी गरेका छन् ।

उनले किशोरीको शव भेटिएको र यसबारे भारतीय प्रहरीले पोष्टमार्टम प्रतिवेदन पठाएपछि विधमान कानुन अनुसार कारवाही प्रक्रिया अघि बढाउने जनाएका छन् ।

## अतिक्रमित जग्गा खाली गराउने अभियान सुरु

**राजविराज**/बर्षौदेखि जग्गा अतिक्रमण गरेर उपभोग गरिरहेका जग्गा खाली गराउने अभियान सप्तरीको महादेवा गाउँपालिकामा शुरु भएको छ ।

गाउँपालिका भित्रको ६ बटै वडामा अतिक्रमित जग्गालाई खाली गराउने अभियान सोमबारदेखी सुरु गरिएको गाउँपालिका अध्यक्ष सुनिल कुमार मण्डलले जानकारी दिएका छन् ।

अतिक्रमणको कारण बाटो, सार्वजनिक पोखरी, डगर, बाटोलाई पहिलो प्राथमिकतामा राखेर कामलाई वडा नं. ५ भगवतपुरस्थित वडका पोखरीबाट अभियान शुरु गरिएको उनले बताए ।

पोखरीको चारैतर्फ डिललाई स्थानियले अतिक्रमण गरी विभिन्न संरचना विगत बर्षदेखि निर्माण गरी उपभोग गरीरहेको स्थानिय युवा विनय विक्रम मण्डलले बताए ।

पोखरीको अन्दाजी एक बिगहा जग्गालाई जेसीबी प्रयोग गरेर अतिक्रमण मुक्त गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामलखन यादवले बताउँदै अभियान अन्य वडाहरुमा समेत क्रमशः निरन्तर जारी रहने उनको भनाई छ ।

अतिक्रमण कार्यमा शान्ति सुरक्षाको लागी स्थानिय प्रहरी चोकीसगै समन्वय समेत गरीएको प्रमुख प्रशासकीय अधिकृत यादवले बताए । अतिक्रमित जग्गाहरुलाई प्राथमिकतामा राखेर कामलाई अगाडी बढाएको वडा नं. ५ का अध्यक्ष हरेराम मण्डलले जानकारी दिए ।

## वेपत्ता पुरुषको शव फेला

**राजविराज**/तीन दिनदेखी बेपत्ता रहेका सप्तरीको रुपनी गाउँपालिकाका ६० बर्षिय एक पुरुषको शव मंगलबार फेला परेको छ ।

वडा नं. ४ निवासी जगरनाथी साहको शव घरदेखी सय मिटर दुरिमा रहेको आँप बगैंचामा फेला परेको हो ।

घटना स्थलमा बिषको केही डिब्बा फेला परेपनि मृत्युको कारण बारे खुल्न नसकेको सप्तरीका प्रहरीका डिएसपी एवं प्रबक्ता ढुण्डिराज नेउपानेले बताए ।

उनले मृत्युको कारण पोष्टमार्टमपछि मात्र भन्न सकिने जानकारी दिँदै घटना बारे थप अनुसन्धान भइरहेको बताए ।

यात्रालाई सुरक्षित बनाऔं ।

- सवारी चढ्दा र ओर्लदा अरुलाई नधकेलौं, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं,
- सवारीसाधनबाट शरिरका अंग बाहिर ननिकालौं,
- चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
- मादक पदार्थ सेवन गरेका चालकलाई सवारीसाधन चलाउन नदिऔं ।

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय


### दिर्घकालिन नीति बनाउनु आवश्यक

अहिले मधेशका जिल्लामा बिस्तारै चिसो बढिरहेको छ। जस कारण जनजिवन समेत प्रभावित बन्दै गएको छ। यस्तो अवस्थामा निम्न वर्गका व्यक्तिहरु निकै मारमा परिरहेका छन्। उनीहरुलाई चिसोबाट बच्नका लागि न्यानो लुगाको अभाव भइरहँदा सहयोगि हातहरुको खाँचो रहेको छ। हरेक वर्ष जाडोको मौसममा हुने अत्याधिक चिसोका कारण जनजिवन प्रभावित हुन पुग्छ। तर, ती वर्गका जनताहरुलाई यसरी नै सधैं न्यानो लुगाको अभाव हुने गर्दछ। दुई छाक खान धौं धौं हुने ती वर्गका व्यक्तिका लागि सम्बन्धी निकायले सहयोग गर्नु पर्ने देखिन्छ।

यसका लागि हरेक वर्ष स्थानिय तहले उनीहरुको सहयोगका लागि तत्परता देखाएपनि ठोस रुपमा समस्या समाधानका लागि दिर्घकालिन सोच बनाएको देखिदैन्। यस्तो अवस्थामा अल्पकालिन नीति बनाएर जासोतसो तत्काल समस्या समाधान गर्नेतर्फ अग्रसरता देखाइन्छ। यो कुनै समस्याको समाधानको बाटो होइन। यसका लागि पालिकास्तरि बैठकबाट दिर्घकालिन नीति निर्माणदेखी कार्यान्वयनसम्मको बाटो निकाल्नु आवश्यक छ। तर, त्यसका लागि हालसम्म कुनै निकाय अगाडी बढेको देखिदैन्।

कुनै पनि प्राकृतिक विपदको बेलामा स्थानिय तहले दिर्घकालिन सोच बनाउनु आवश्यक छ। अहिले चिसोको मौसम रहेको छ। त्यसपछि गर्मी, हावाहुरी र वर्षाको मौसम आउछ। त्यसबाट पनि ती वर्गका जनता निकै प्रभावित हुने गर्छन्। तसर्थ त्यसका लागि एउटा ठोस नीति निर्माण गरेर विपदबाट जोगिन दिर्घकालिन समाधान खोज्नु अति जरुरी रहेको छ। होइन भने हरेक वर्ष यस्ता विपद्बाट जनताले दुःख पाउने निश्चित छ।

# रगतमा कोलेस्ट्रोरेलको मात्रा कसरी घटाउने ?


डा ओम मूर्ति अनिल

उच्च कोलेस्ट्रोरेल अहिलेको प्रमुख स्वास्थ्य समस्याका रुपमा देखा परेको छ। युवापुस्तामा समेत यस प्रकारको समस्याले आक्रान्त रहेको छ। लामो समयसम्म उच्च कोलेस्ट्रोरेलका समस्या भएका मानिसहरुमा उक्त नलीमा जमेर हृदयघात हुनसक्छ। त्यसैगरी मस्तिष्कको रक्तनलीमा समेत जमेको अवस्थामा मस्तिष्कघात हुन सक्छ।

त्यसकारण अधिकांश अवस्थामा उच्च कोलेस्ट्रोरेललाई नियन्त्रणमा राख्नका लागि औषधिको समेत प्रयोग गरिन्छ। त्यसैले यस प्रकारको समस्या नियन्त्रण नआउँदासम्म चिकित्सकको परामर्शमा औषधिको सेवन अनिवार्य मानिन्छ।

यधपि खाना नै उच्च कोलेस्ट्रोरेलको प्रमुख कारक हो। हामीले दैनिक रुपमा सेवन गर्ने खानामा रहेको बोसोयुक्त तत्वका कारण रगतमा खराब प्रकृतिको कोलेस्ट्रोरेलको मात्रा बढाउने गर्छ। खानेकुरालाई नियन्त्रण गर्न सकेको अवस्थामा उच्च कोलेस्ट्रोरेलको समस्याबाट छुटकारा पाउन सकिन्छ।

**रगतमा कोलेस्ट्रोरेलको मात्रा घटाउने उपायहरु**

- मांसाहारी खानेकुराको सेवनमा नियन्त्रण गर्ने
- बनस्पती घ्यू तथा खराब प्रकृतिका चिल्लो पदार्थको प्रयोग भएका खानेकुराको सेवन कम गर्ने
- जंक फुड, प्याकेजिङ गरिएका तथा तयारी खानेकुराको प्रयोग नगर्ने
- खानेकुरामा चिल्लो पदार्थको प्रयोगमा कटौती गर्ने
- दूध तथा दूधजन्य परिकारको सेवन कम गर्ने
- फाइबरयुक्त खानेकुराको सेवनलाई बढावा दिने
- नियमित रुपमा व्यायाम गर्ने
- धुम्रपान तथा मद्यपानको सेवन नगर्ने
- तौल घटाउने।

यदि वंशाणुगत कारणले कोलेस्ट्रोरेल बढेको अवस्थामा चिकित्सकको परामर्शमा नियमित औषधि सेवन गर्ने।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**

**Dr. Santosh Prasad Sah**

MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 15019

**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**

**Dr. Yamesh Yadav**

MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon

NMC Reg. No. : 16392

**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

**सम्पर्क :**

**कृताञ्जली मेडिकल हँल**

**राजविराज**

Mo. No : 9842830252, 9804605569



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय**

**पातो, सप्तरी**

# मानव अधिकार वर्ष पुस्तक

# स्थितिसूचक जनवरी-डिसेम्बर २०२३, सप्तरी

**मनोहरकुमार पोखरेल**
**इन्सेक सप्तरी**

सप्तरीमा २०२३ सम्म इन्सेकमा १६० घटना अभिलेख भएको छ। सन २०२२ मा ९०, सन २०२१ मा १०० र सन २०२० मा १३७ घटना अभिलेख भएको थियो।

सन २०२३ मा १९ जनाको हत्याको अभिलेख छ। जसमा७ महिला र २ बालक छन्। सबै घटना गैरराज्य पक्षबाट भएको हो। गत वर्ष १२ जनाको हत्या घटना अभिलेखित थियो। गैरराज्य पक्षबाट ६५, ६०, ६०, ५५, २६, ३५, २५,२०, २०, १८ वर्षीय १०पुरुषको हत्या घटना भएको छ। ती घटनामा छोरा, ससुराली घर बसेका ज्वाई, साथीसहित किटानी आरोपित १७ जना छन्। एक घटनाको मृतक र पहिचान खुलेको छैन्। आरोपितमा धरौटी २, थुनामा ७, पक्राउ पुर्जी ५, संरक्षक १, आंशिक सजाय पाउने १, फरार १ जना छन्। ती घटनामध्ये तिलाठी कोइलाडी-७ मन्सापुर बुढी इनारमा ०८० साउन १२ गते हत्या गरिएको अवस्थामा शव फेला परेको हनुमाननगर कंकालिनी -१० इनर्वाका १८ वर्षीय तिर्थनारायण मण्डलको घटनाको अनुसन्धान हुन सकेको छैन्। हनुमाननगर कंकालिनी -४ मधवापुरमा २०८० जेठ ८ गते २० वर्षीय अपरिचित एक युवकको घाँटी काटेर हत्या भएको घटनाको मृतक र आरोपितको पहिचान हुन सकेको छैन्। अन्य घटनाहरु हनुमाननगर कंकालिनी -७, बोदे बर्साइन -३ र ६, महादेवा-६, शम्भुनाथ-२, कञ्चनरुप-७ र १० तथा बलान बिहुल-२ मा भएको हो।

यसैगरी यो अवधिमा **७** महिलाको समेत हत्या भएको छ। चारओटा घटनामा आरोपित पति, एउटामा लिभिंग टुगेदरमा बसेका प्रेमी र २ ओटामा घटनामा छिमेकी गरी १४ जना आरोपित छन्। बलात्कार गरेर हत्या गरेको आरोप लागेका प्रेमी राजविराज-६का ४२ वर्षीय शंकर शर्मालाई भदौ १० गते जन्मकैदको सजाय भएको छ। उनीमाथि बलान विहुल-५ रामनगर घर भई राजविराज-४ बजरंग चौकमा डेरा बसेकी ४१ वर्षीया महिलाको २०८० वैशाख २४ गते हत्या गरेको आरोप छ। अन्य ३ घटनाका आरोपित ३ जना पति पुर्पक्षका लागि थुनामा छन्। ८० र ७० वर्षीया बृद्धाहरुको हत्या आरोप लागेका छिमेकी २ जना पुर्पक्षका लागि धरौटीमा छुटेका छन् भने २ जना फरार छन्। अन्य मृतक महिलाको उमेर २० देखि ३८ वर्ष रहेको छ। रुपनी-२ पिपराहीकी २० वर्षीया सुनिता कुमारी रायको २०८० असार १३ गते उनका पति, सासु, ससुरा र छिमेकी ३ जना मिलेर हत्या गरेको आरोप लागेको छ। जिप्रकामा असार १९ गते झुण्डी ज्यानसम्बन्धी मृत्युमा निवेदन दर्ता भएको छ। सुनिताको साढे ४ महिना अघि मात्र ०७९ माघ २३ गते विवाह भएको थियो।

महिला हत्याको घटना राजविराज -४, सुरुङ्गा -७, शम्भुनाथ -५, महादेवा -२ छिन्नमस्ता -२ तथा रुपनी गाउँपालिकाको वडा नम्बर-२ र ३ मा भएको हो।

यसैगरी १७ वर्षीय बालकको खडक-११ बनौलीस्थित रामप्रकाश यादवले सञ्चालन गर्दै आएको कृषि फर्मको पोखरीमा तथा १५ वर्षीया बालिकाको अपहरण पछि भारतको दिल्ली लाजपत नगरमा लगेर हत्या गरेको २घटना पनि अभिलेखित गरिएको छ। खडक-११ बनौलीका १७ वर्षीय मो. अजिमुद्दिन २०८० भदौ २१ गतेदेखि बेपत्ता भएको उजुरी दिएपनि प्रहरीले खोजतलाश नगरेको गुनासो गर्न पत्रकार सम्मेलन राखेकै दिन असोज १३ गते अजिमुद्दिनको शव प्लाष्टिकको बोरामा हाली सिमेन्टको पोलमा बाँधी त्यसमाथी ट्याक्टरको फलामको रिमले थिचेर पोखरीमा लुकाएको अवस्थामा फेला पर्‍यो। उक्त घटनामा ४ जना आरोपित न्यायाधीश हरिश्चन्द्र इङ्गनामको इजलाशबाट कात्तिक १४ गतेदेखि पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा छन्। चार जना फरार छन भने १४ वर्षीया बालिका संरक्षकको जिम्मामा छिन्।

यो वर्ष आत्महत्या दुरुत्साहनका **५** घटनामा १८ देखि ३१ वर्षीया महिला पीडित भइन्। राजविराज-३, सुरुङ्गा-५ र १० तथा अग्नीसाइर कृष्णसवरण-४ र ५ मा उक्त घटना भयो। गत वर्ष आत्महत्या दुरुत्साहनका २ घटनामा १८ वर्षीया र २० वर्षीय युवा पीडित थिए। सन २०२१ मा दुरुत्साहनका ३ घटनामा २०, २४ र २८ वर्षीया ३ महिला पीडित थिइन्। अन्य वर्षको झै यो वर्ष पनि आरोपितहरूमा पति, ससुरा र प्रेमी गरी ७ जना रहेका छन्। जसमा आरोप लागेका २ जना पति पुर्पक्षका लागि थुनामा छन्। प्रेमी, ससुरा र पतिका प्रेमिका फरार छिन्। आरोपित १ जना पतिविरुद्धको अभियोग दावी नपुग्ने फैसला भएको छ भने ट्यूशन पढाउने अग्निसाइर कृष्णसवरन-४ टेङ्ग्रीका ३२ वर्षीय राधेश्याम मण्डललाई ०८० कात्तिक १६ गते २२ दिनको कैद सजाय भएको छ।

बालिका बलात्कारको २१ घटनामा १४ देखि १८ वर्ष भित्रका छन् जसमा दुई जना अपाङ्गता र एक जना सुस्त मनोरोगी बालिका छिन्। गत वर्ष बलात्कारको १९ घटनामा ९ देखि १८ वर्ष भित्रका २१ जना बालिका पीडित भएकी थिइन्। त्यस अघि सन २०२१ मा बालिका बलात्कारको १६ घटनामा ५ र ६ देखि १८ वर्षभित्रका १७ जना पीडित भएकी थिइन् भने आरोपित १५ वर्षदेखि ७१ वर्षका २४ जना थिए। यस वर्ष कञ्चनरुप-२, ११ र १२, हकनपा-६, शम्भुनाथ-१ र ७, सप्तकोशी-६, सुरुङ्गा-७, डाक्नेश्वरी-१ र ३, बोदे बर्साइन-३ र ९ तथा खडक-२, ४, ७ र ८, अग्नीसाइर कृष्णसवरन-४, छिन्नमस्ता-३, महादेवा-१, रुपनी-२ र राजगढ-३ मा घटना भए। आरोपित १५ वर्षदेखि ५८ वर्षका ३१ जना छन्। जसमा पुर्पक्षका लागि थुनामा ११ जना, बालसुधार गृहमा २ जना, धरौटीमा १ जना र फरार १६ छन्। फैसला भएको एउटा मुद्दामा १६ वर्षीया बालिकासँग प्रेमबिबाह गरेका सप्तकोशी-६ सहलेश टोलका १८ वर्ष १८ दिनका आरोपितलाई ०८० मङ्सिर ६ गते ३ वर्ष कैद सजाय भएको छ।

बालिका यौन दुरुपयोगको २ घटनामा पीडित १४ र १५ वर्षीया छिन भने आरोपित २५ र ४२ वर्षका छन्। दुबै घटना सुरुङ्गा नगरपालिका ३ र ४ को हो। एउटा घटनामा आरोपित पुर्पक्षका लागि धरौटीमा छुटेका छन् भने अर्को घटनामा १ महिना ८ दिन कैद सजाय भएको छ। गत वर्ष बाल यौन दुरुपयोगको ६ घटनामा १३ देखि १७ वर्षका ७ बालिका पीडित भएकी थिइन् भने आरोपितमा १६, १७, २०, २१, २५, ३५ वर्ष उमेरका थिए। बालिका बलात्कार र यौन दुरुपयोगको अधिकांश घटना प्रेम र विहेको आश्वासन दिएर तथा प्रतिवाद गर्न नसक्ने बालापनको फाइदा उठाएर हुने गरेको देखिएको छ।

महिला बलात्कारका १९ घटनामा १८ माथि ५५ वर्षसम्म पीडित छन्। गत वर्ष ७ घटनामा १८ माथि ४० वर्षसम्मका ७ पीडित थिइन्। गत वर्ष महिला बलात्कार घटनामा १९ देखि ४५ वर्ष उमेरका १० जना आरोपित थिए भने यो वर्ष १७ देखि ६० वर्षका २२ जना छन्। जसमा १४ जना फरार नै छन्। आरोपित २ जनाले सफाइ पाएका छन्। पुर्पक्षका लागि थुनामा ३ जना छन्। पुर्पक्षका लागि १ जना धरौटीमा रिहा भएका छन्। इलाका प्रहरी कार्यालय कञ्चनरुपको हिरासतमा बस्दा बलात्कार भएको भनी प्रहरी अधिकृतसहित २ जना बिरुद्ध परेको उजुरी प्रहरीले अनुसन्धान गरी भ्रमपूर्ण उजुरी भन्दै भदौ ३१ गते तामेलीमा राखेको छ। सप्तरीमा तामेलीमा रहेको मुद्दा यो मात्र छ। घटना कञ्चनरुप-२, ५ र १०, सप्तकोशी-१, शम्भुनाथ-७ र ७, बोदे बर्साइन-६, सुरुङ्गा-३ र ९, खडक-५, डाक्नेश्वरी-५, खडक-६ र १०, महादेवा-२, रुपनी-६, छिन्नमस्ता-३, बलान बिहुल-४ मा भएको हो।

बलात्कार प्रयासमा ५ घटनामध्ये ३ घटनाको अभियोग दावी नपुग्ने फैसला भएको छ। २ ओटा घटनामा २ जना पुर्पक्षका लागि धरौटीमा रिहा भएका छन्। एउटा वैवाहिक बलात्कारको घटनामा ७५ हजार धरौटीमा पति रिहा भएका छन्।

सन २०२१ मा गर्भपतनको २ र २०२२ मा १ घटना अभिलेख रहेकोमा यो वर्ष पनि २ घटना मात्र छ। आरोपित १ जना धरौटीमा र ३ जना जिम्माजमानीमा छुटेका छन्। यो अवधिमा कथित बोक्सी भन्दै अमानविय व्यवहारका ३ घटना अभिलेख छ। गत वर्ष २ घटना अभिलेख थियो। यस्तै अपहरणका १, यौन दुर्व्यवहारका १, मानव वेचविखनको १, अपमानजनक व्यवहारका २ घटना अभिलेखित छ।

बहुविवाहको घटनामा निरन्तर बृद्धि भएको छ। सन २०२२ मा ९ र २०२३ मा १३ घटना अभिलेख भएकोमा यो वर्ष १७ घटना अभिलेख छ। आरोपितमध्ये ५ महिला र ५ पुरुषलाई कैद, ३ जना महिला र ३ जना पुरुषलाई सफाई, ३ जना पुरुष पुर्पक्षका लागि थुनामा, १ जना महिला र १ जना पुरुष धरौटीमा, ७ जना महिला र ४ जना पुरुष फरार छन्। तिलाठी कोइलाडी-२ की ३० वर्षीया सुनिता कुमारी खंगले पति ३५ वर्षीय परमेश्वर खंग र तिरहुत -२ मैनाकडेरीकी २५ वर्षीया रञ्जना खंगविरुद्ध दिएको उजुरी दर्ता भएको छैन्।

बालविवाहको जम्मा९ घटनामा ६ जनालाई कैद, ७ जना धरौटीमा रिहा, १ जना साधारण तारेखमा रिहा भए भने २ जनाले सफाई पाए र २ जना फरार छन्। २ ओटा बालविवाह रोकियो भने एउटामा कुनै कारवाही भएन्।

यो अवधिमा पत्रकार, मानव अधिकार रक्षक र सामाजिक अभियानकर्मीहरुमाथि राज्य र गैरराज्य पक्षबाट कुटपिट र दुर्व्यवहारका घटनाका कारण पत्रकारहरु स्थानीय प्रशासनविरुद्ध सडकमा प्रदर्शनमा उत्रिए। पत्रकार तथा इन्सेक प्रतिनिधिमाथि जिल्ला प्रहरी कार्यालयमा भएको कुटपिटविरुद्ध प्रहरीले उजुरी दर्ता गरेन। आन्तरिक कारवाही गर्दै प्रहरीले भदौ २८ गते आरोपितलाई २ वर्ष बढुवा रोक्का गर्ने निर्णय गर्‍यो। पत्रकार चन्दन यादवमाथि भएको दुर्व्यवहारमा प्रहरीले तत्कालै गल्ती स्विकार गर्‍यो। पत्रकार सौरभ यादवमाथि कुटपिट गर्ने आरोपितहरुले घटनाप्रति आत्मालोचना गर्दै आगामी दिनमा घटना नदोहोर्‍याउने प्रतिबद्धता गरे पछि भदौ ५ गते सहमती भई मिलापत्र भयो। पत्रकार संजिब विक्रम साहमाथि डाक्नेश्वरी-५ मा भएको हातपात र अभद्र व्यवहारका आरोपितहरुलाई कात्तिक २ गते प्रहरीले नियन्त्रणमा लिएर कात्तिक ३ गते छाड्यो। रुपनी-१ का वडा अध्यक्षका प्रत्यासी उम्मेदवार तथा 'भ्रष्टाचार र लागुपदार्थ मुक्त रूपनी गाउँपालिका'को अभियानकर्मी राजु भनिने किरणकुमार जायसवालमाथि कुटपिट, लुटपिट भएको भन्दै पीडितले रुपनी गाउँपालिका अध्यक्षसहित ४ जनाविरुद्ध दिएको उजुरी दर्ता नभएपछि उच्च अदालत जनकपुर राजविराज इजलाशबाट मङ्सिर २२ गते आरोपितहरुविरुद्ध चोरी, डाँका मुद्दा दर्ता गर्न परमादेश जारी भयो। जसपा सप्तरी अध्यक्ष केदार यादवमाथि २०७९ चैत २१ गते जिल्ला प्रहरी कार्यालयभित्र हातपात गरेका आरोपित प्रहरी निरीक्षक नविन थापा मगरलाई घटनाकै दिन मधेस प्रदेश प्रहरी कार्यालय गणमा तानियो। रुपनी कार्यपालिका सदस्यमाथि भएको अभद्र व्यवहार, ६४ वर्षीय बृद्धमाथि छोराले गरेको कुटपिट तथा ७५ र ७५ वर्षीय बृद्धसहित वडा सदस्यमाथि, छिमेकीहरुले गरेको कुटपिटका घटना समेत अभिलेख गरिएको छ।

घरेलु हिसाका ३१ घटना

***बाँकी चार पृष्ठमा***



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## मानव अधिकार ...

नमूनाका रूपमा अभिलेख गरिएको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत ४ ओटा घटना अभिलेख गरिएको छ ।

**अन्य**

जिल्ला कारागारको बन्दी क्षमता १५ महिलासहित १५५ जनाको छ । हाल कारागारमा कैदी र थुनुवा १९० कैदी र २६१ बन्दीसहित ४५१ जना छन् । गत वर्षको अन्त्यमा कैदी र थुनुवा ३७० जना थिए । कारागारमा थुनुवा र कैदी, २१ वर्ष मुनिको र २१ वर्ष माथिको कैदी वा थुनुवा, देवानी मुद्दा र फौजदारी मुद्दाका कैदी, रोगी र निरोगी तथा मनोरोगी थुनुवा वा कैदीलाई छुट्याई राख्ने व्यवस्था छैन् । ज्येष्ठ नागरिक, मानसिक रोगी, एचआइभी संक्रमित, पक्षघातबाट पीडित, रक्तचाप, चिनी, दम र मुटुलगायतका दीर्घरोगी पनि छन् तर सिअहेवको दरबन्दी रहेपनि ०७८ पुस मसान्तदेखि हेल्थ असिस्टेन्टसम्म छैन् । स्वच्छ खानेपानी, शौचालय, पत्रपत्रिका, खेलकुद सामग्रीको अभाव, सिपमूलम तालिम नहुने, कारागारभित्रै बस्नु पर्ने प्रमुखको आवास व्यवस्था नहुँदा बाहिर बस्ने गरेका छन् । घेराबेरा र सुरक्षाको बुर्जा कमजोर छ । भवनको पर्खाल ठाउँ-ठाउँमा भत्किएको र कतिपय ठाउँमा पीपलका रुखहरू उम्रिएकाले चर्किएको छ । कारागारको सुरक्षाका लागि कन्सनटिना तारवारको व्यवस्था र भुई ढलान हुनुपर्ने देखिएको छ । कार्यालय प्रमुखमा शाखा अधिकृत तहसहित १२ जनाको दरबन्दी रहेपनि अधिकांश रिक्त छ । सवारी साधन छ सवारी चालकको दरबन्दी छैन् । चारैतिरबाट अतिक्रमणमा परेको कारागारको जमीन २ विघा ८ कट्ठा ४ धुर हुनुपर्नेमा १ विगहा ४ कट्ठा जग्गा मात्र उपभोग गरिरहेको छ ।

कैदीले उमेर र छुटको सुविधा पाउने अवधि गणना मिलाउन नसक्दा, समयमै फैसला हुन नसक्दा र कतिपय अवस्थामा कानुनी प्रकृयाको ढिलाइले समेत बढी समय कैद बस्नु परेको छ । सामान्य धरौटी लिएर महिनौं फैसला नगरेर राज्यको खर्च बढाइएको छ । संवैधानिक व्यवस्थाअनुसार ज्येष्ठ नागरिक कैदीले पाउनुपर्ने सजाय छुटको कार्यान्वयनतर्फ ध्यान पुगेको देखिदैन् ।

प्रहरी, अदालत वा अन्य निकायमा हुने मेलमिलापको अनुगमन गर्नुपर्ने खाँचो छ । हिंसा पीडित महिलाको पक्षमा भएको अन्तरिम संरक्षणात्मक आदेश, सहमति, मिलापत्र कार्यान्वयनमा समस्या रहेको र घरमा महिलाहरु पुनस्थापित हुने अवस्था नरहेकोले पनि अनुगमनको व्यवस्था जरुरी देखेको छ । मुद्दामामिलामा राजनीतिकसहित तेस्रो पक्षको प्रत्यक्ष, अप्रत्यक्ष प्रभाव पर्न नदिन र कानुनी प्रकृयामा लगेर किनारा लगाउने कुरामा सबै एकमत हुन जरुरी रहेको छ । कानुनभन्दा समाज र व्यवहार ठूलो भनेर गम्भिर प्रकृतिका घटनाहरू गाउँमै पञ्चायत गरी सहमति गराउने गरिएको छ । प्रहरी कार्यालयमा सहमति जनाए पनि व्यवहारत कार्यान्वयन नहुँदा र हिंसा कार्य जारी रहँदा पीडितहरू निराश छन् । पीडितहरू दुखेसो लिएर सबैभन्दा पहिले प्रहरीकहाँ नै जाने गरेकोले गम्भिरताका साथ पीडितको सुरक्षा, न्याय र गोपनियतामा प्रहरी सजग रहनु पर्ने देख्छ । प्रहरी वा अन्य सार्वजनिक कार्यालयमा महिला प्रहरी, कर्मचारी थप गर्नुपर्ने, बिचौलियाहरूको गतिविधीलाई पहिचान गरी उनीहरूको हस्तक्षेप निषेध गर्नुपर्ने, निशुल्क उजुरी लेख्ने व्यवस्था गर्नुपर्ने र सरोकारवाला निकायहरुले समाजको विश्लेषण गरेर कार्ययोजनका साथ सशक्त भएर दृढतापुर्वक लाग्नुपर्ने आवश्यक्ता छ ।

हिंसा पीडित महिलाहरूको अल्पकालिन आश्रयका लागि तत्काल स्थानीय तहहरु मिलेर लैगिक हिंसा सम्बोधनका लागि प्रेषण प्रणाली सम्बन्धी कार्यविधि र लैङ्गिक हिंसा निवारण कोष स्थापना गरेर सञ्चालन गर्नुपर्ने र आवश्यक ऐन बनाउनु पर्ने आवश्यक्ता देखिएको छ । जिल्ला छात्रवृति व्यवस्थापन समिति सकृय हुनुपर्‍यो । वैदेशिक रोजगारका क्रममा मृत्यु भएकाहरूका बालबालिकाका लागि बैदेशिक रोजगार बोर्ड बबरमहलबाट रकम प्राप्त नभएको सुनिन्छ । द्वन्द्वपीडित परिवारका धेरै बालबालिका कसरी लाभान्वित गराउने, सामुदायिक विद्यालयका विद्यार्थीहरुको स्तरोन्नती हुन सकेको छैन् । विशेष शिक्षा सञ्चालन भएको विद्यालयमा बिद्यार्थीहरु छैनन् ।शिक्षकहरुले तलब खाइरहेका छन भने त्यही अनुपातमा उपलब्धी लिन विद्यार्थीलाई विद्यालय ल्याउने वातावरण बनाउनु पर्छ । सबै तहमा अध्ययनरत विद्यार्थीहरूलाई सहज ढंगले शिक्षा आर्जन गर्न कठिनाई छ । समयमा कोर्ष पूरा हुननसकेको अवस्था छ । विद्यालयहरुले मनपरी रकम असुल्ने गरेको गुनासो छ । कमिशनकै लागि निजी विद्यालयले वर्षेनी पाठ्यपुस्तक परिवर्तन गरिरहेको छ ।

**-२०२३ डिसेम्बर २०**

हत्या १९ (पुरुष १० महिला ७ बालबालिका २), राज्यबाट कुटपिट र दुर्व्यवहार ३, गैरराज्यबाट कुटपिट र दुर्व्यवहार ७, आत्महत्या दुरुत्साहन ५, महिला बलात्कार १९, महिला वैवाहिक बलात्कार १, महिलामाथिबलात्कार प्रयास ५, महिला गर्भपतन २, महिलामाथि अमानविय व्यवहार ३, महिला अपहरण १, महिलामाथि यौन दुर्व्यवहार १, मानव वेचविखन १, मपहलामाथि अपमानजनक व्यवहार २, बहुविवाह १७, बालिका बलात्कार २१, बालिका यौन दुरुपयोग २, बालविवाह ९, बालिका अपहरण १, बालिका बेपत्ता १, बालबालिका कुटपिट ४, बालबालिकामाथि अभद्र व्यवहार १, घरेलु हिसा ३१, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत ४ ।

# मिसन ८४ : राजनीतिक ठगी र समाजवादको कालो बजारीकरण

**केशव खतिवडा**

नेपाली राजनीतिको विभिन्न कालखण्डमा विभिन्न मिसनहरूले राजनीतिमा परिवर्तन ल्याएका छन् । राणाशासनको अन्त्यका लागि लखन थापाको विद्रोहदेखि मकै पर्व, लाइब्रेरी पर्वले ल्याएको चेतना र जागरण अनि सङ्गठित रूपमा सुरु भएको प्रचण्ड गोरखा, प्रजापरिषद् हुँदै नेपाल राष्ट्रिय कांग्रेसको स्थापना र नेपाल प्रजातान्त्रिक कांग्रेससँग भएको एकतापश्चात् स्थापना भएको नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी स्थापनाको मूल मिसन राणाशासनको अन्त्य गरी प्रजातन्त्रको स्थापना गर्नु रहेको थियो । जुन मिसन २००७ को जनक्रान्तिले पूरा गरेको थियो ।

प्रजातन्त्रको स्थापनापश्चात् दलहरूको मिसन आमनिर्वाचन सम्पन्न गरी जननिर्वाचित सरकार गठन गर्नु थियो । २०१५ सालमा सम्पन्न भएको आमनिर्वाचनले यो मिसन पनि पूरा भयो । नेपाल कम्युनिस्ट पार्टीले स्थापना कालदेखि नै गरिब र धनी सबै समान हुने समाजवाद र साम्यवादको सुन्दर नारा अघिसारेको थियो । त्यो नारा गरिबहरूको बिचमा सर्वाधिक लोकप्रिय नारा थियो । नेपाली कांग्रेसले २०१२ सालमा सम्पन्न वीरगन्ज महाधिवेशनबाट प्रजातान्त्रिक समाजवादको कार्यक्रम पारित गर्‍यो । यसरी मुलुकका मुख्य दुई दलले आफू अनुकूलको समाजवादको टोपी लगाए । अनि सुरु भयो आरोप प्रत्यारोप । नेपाली कांग्रेसले कम्युनिस्ट भनेका एक दलीय तानाशाही कथित समाजवादी हुन र कांग्रेस भनेको प्रजातन्त्रमा विश्वास गर्ने सच्चा समाजवादी भएको दाबी गर्न थाल्यो । त्यसै गरी कम्युनिस्टहरूले आफू सच्चा किसान मजदुर र सर्वहारा वर्गको पक्षपाति भएको र काङ्ग्रेस भनेको दलाल पुँजीपति वर्ग तथा बुर्जुवाहरूको पार्टी भएको भन्ने प्रचार गरे । तर २०१५ सालको आमनिर्वाचनमा कांग्रेसको प्रजातान्त्रिक समाजवादको नारा निक्कै राम्रो खपत भयो । परिणामस्वरूप संसद्को १०९ सिटमध्ये ७४ सिटमा विजय हासिल गरी बीपी कोइरालाको नेतृत्वमा सरकार गठन भयो । कम्युनिस्टको समाजवाद र साम्यवादको नारा धेरै खपत हुन नसकेको हुँदा ४ सिटमा मात्र विजय हासिल गर्‍यो ।

डेड वर्ष नबित्तै यो पहिलो जननिर्वाचित सरकारलाई राजा महेन्द्रले कु गरी पञ्चायतको सूत्रपात गरे । यो डेड वर्षको छोटो समयमा प्रजातान्त्रिक समाजवादको परीक्षण हुन सकेन । अब दलहरूको मिसन पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनर्वाहाली बन्न पुग्यो । राजनीतिले विभिन्न आरोह र अवरोह पार गर्दै २०३६ सालको जनमत सङ्ग्रहको सामना गर्न पुग्यो । दुवै परस्पर विरोधी समाजवादी दलहरू जनमत सङ्ग्रहको सवालमा पनि विभाजित भए । नेपाली कांग्रेसले जनमतसङ्ग्रहलाई स्वागत गर्दै निर्वाचनमा भाग लियो । कम्युनिस्टहरूले धोका हो भन्दै बहिष्कार गरे । निर्वाचनमा पञ्चायती व्यवस्थाले विजय हासिल गर्‍यो । जनमतसङ्ग्रहमार्फत प्रजातन्त्रको पुनर्वाहाली गर्ने दलको मिसन पराजय बन्न पुग्यो । पुष्पलालले संयुक्त जनआन्दोलनद्वारा पञ्चायतलाई परास्त गर्नुको विकल्प छैन भन्ने प्रस्ताव गर्दा कम्युनिस्टबाटै गद्धार र कांग्रेसको पुच्छर घोषित भए । दस वर्षपछि दलहरूको चेत खुल्यो । छयालिस सालमा कांग्रेस सात बाम घटक र नागरिक समाजको बिचमा कार्यगत एकता गरी प्रजातन्त्र पुनर्वाहालीका लागि संयुक्त जनआन्दोलन गर्ने मिसन छयालिस तय भयो । २०४६ सालको संयुक्त जनआन्दोलनमा जनताको अपार सहभागिता रह्यो । परिणामस्वरूप प्रजातन्त्रको पुनर्स्थापना भयो । जनतालाई प्रजातन्त्र र समाजवादको नाराले आकर्षण गरेको थियो । दल र नेताहरूमा पनि समाजवादको नारा र प्रजातन्त्र प्रतिको निष्ठा, समर्पण र त्याग भरपुर देखिन्थ्यो । २०४८ सालमा सम्पन्न भएको आमनिर्वाचनमा नेपाली कांग्रेसले एकल बहुमत हासिल गरी गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन भएसँगै उसले भन्दै आएको प्रजातान्त्रिक समाजवादको परीक्षण सुरु भयो । गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराई, शेरबाहादुर देउवा र सुशील कोइराला कांग्रेसको तर्फबाट लामो समय प्रधानमन्त्री बने तर उनीहरूसँग प्रजातान्त्रिक समाजवादको नारा शिवाय कुनै खाका तथा प्रारूप समेत रहेनछ । बरु संरचनागत समायोजन कार्यक्रममार्फत आएको चिट पो रहेछ । जसलाई निजीकरणको माध्यमद्वारा भित्र्याइए ।

यसरी कांग्रेसले निर्वाचनमा पटक पटक प्रजातान्त्रिक समाजवादको कालोबजारीकरण मात्र गरेन राजनीतिक ठगी पनि गरे । समाजवाद र साम्यवादका नारा दिने र किसान मजदुर तथा सर्वहारावर्गलाई सुन्दर भविष्यको सपना देखाउने कम्युनिस्ट पार्टीको तर्फबाट मनमोहन अधिकारी, प्रचण्ड, माधवकुमार नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई र केपी ओलीले पटक पटक गरी लामो समय प्रधानमन्त्री भएर नेतृत्व गरे तब प्रमाणित भयो कम्युनिस्टले पनि निर्वाचनमा समाजवादको कालो बजारीकरण र राजनीतिक ठगी गरे । यथार्थमा उनीहरू पनि नवउदारवादी रहेछन् भन्ने साबित भयो । यसरी विगत लामो समयदेखि एकल बहुमतसमेत ल्याएका दुई ठूला दलहरूले समाजवादको नाममा गरेको राजनीतिक ठगीको कारणले जनतामा यी दलप्रति विश्वास घट्दै गयो । निर्वाचनमा कुनै पनि दलले बहुमत हासिल गर्न सकेनन् । परिणामस्वरूप गठबन्धन गर्ने र सत्ता भागबण्डा गर्ने खेल सुरु भयो । यी दलहरूसँग विभिन्न बाहनामा चुनाव जित्ने मिसन निर्वाचन मात्र रहेछ । देश बनाउने भिजन भने रहेनछ । अब फेरि तिनै दलहरू र प्रियतावादीका रूपमा उदाएका र नयाँ भनिने दलहरू जोसँग राजनीतिक भिजन, मिसन र एक्सन केही छैन । उनीहरू मिसन चौरासीको नारा दिन थालेका छन् । अब मिसन चौरासीको नाममा राजनीतिक ठगी हुने सम्भावना बढ्दैछ । तर पुराना दल र नयाँ भनिने प्रियतावादी दलहरूसँग देश बनाउने भिजन चौरासी भने छैन । उनीहरूसँग भिजन एकासी, भिजन बयासी, त्रियासी भएको भए निर्वाचनलाई सङ्केत गरेर मिसन चौरासी भन्ने थिएनन । पुराना दलहरू जसले तेत्तिस वर्ष शासन गरे उनीहरूसँग भिजन चौरासी छैन भन्ने बारम्बार र मुलुकको वर्तमान दुर्दशाबाट प्रमाणित भइसकेको छ ।

गणतन्त्रको स्थापनापश्चात् पहिचान र सङ्घीयताको नारा दिएर उदाएका र पुरानादल, बा, दाजु भाउजूहरूको विरोध गर्दै जन्मेका नवप्रियतावादी दलहरूसँग भिजन चौरासी वा भिजन नब्बे, पन्चानब्बे हुने कुनै सम्भावना छैन । किनकि प्रियतावाद संसारकै एउटा राजनीतिक समस्या हो । जति अरूको विरोध गर्छन । त्योभन्दा बढी आफू गलत हुन्छन् । चर्को नारा दिन्छन् । समस्यै समस्या देखाउँछन् । तर सुझाव, दृष्टिकोण र समाधान दिन सक्दैनन् । प्रियतावादको नेचर जिम्मेवार बन्ने, दृष्टिकोण प्रस्तुत गर्ने र राजनीतिक समस्याको समाधान दिने पनि हैन । किनकि आफैंमा ऊ राजनीतिक समस्या हो । उसको जन्म जसरी हा, हा, हो, होमा भएको हुन्छ अन्त्य पनि त्यसरी नै हुन्छ । संसारको इतिहासले प्रमाणित गरेको छ । नेल्सन मण्डेलाले भन्नुभएको थियो राष्ट्रपति डिक्लार्क सता भागबन्डाको प्रस्ताव गर्नु हुन्छ । यो शब्द मलाई आफैंमा भ्रष्ट लाग्छ । किनकि मैले पार्टी र मेरो व्याक्तिगत स्वार्थका लागि राजनीति गरेको हैन । दक्षिण अफ्रिकामा प्रजातन्त्रको स्थापना र सुनिश्चितता, रङ्गभेदको अन्त्य, मुलुकको समृद्धि, मानव अधिकारको ग्यारेन्टी, कानुनी राज्य जस्ता तमाम सवालहरूको सुनिश्चितताका लागि सङ्घर्ष गरेको हुँ । राजनीतिलाई पेसा बनाउनेहरूका लागि यो एउटा सानो दृष्टान्त हो ।

**मिसन ८४ केका लागि ?**

यतिखेर तिनै पुराना दल जसले तेत्तिस वर्ष पालैपालो मुलुकमा शासन गरे र मुलुकलाई वर्तमानको अवस्थमा पुर्‍याए । अनि यिनै दलहरूलाई सत्तोसराप गरेर उदाएका केही नयाँ भनिने दलहरूले यति खेर मिसन चौरासीको नारा दिन थालेका छन् । उनीहरूको विगतको पृष्ठभूमिलाई हेर्दा लाग्छ, उनीहरूलाई मिसन चौरासी केही बाँकी रहेका अधुरा काम ललिता निवास प्रकरण, प्रिटिङ प्रेस, ओम्नी र यती समूह, केही हाइड्रोहरू विदेशी कम्पनीलाई सुम्पन, ठूला व्यापारी घरानालाई कर छुट दिन, विकासे मन्त्रालयमा भागबण्डा गर्न, सुन र भुटानी शरणार्थी काण्डका अभियुक्तलाई उन्मुक्ति दिन, गिरिबन्धु टी स्टेटको बाँकी काम टुङ्ग्याउन, थर्काएर गृहमन्त्री लिने नत्र बाहिरिएर सतोसराप गर्न, कुशासनलाई निरन्तरता दिन, सङ्घीयता, धर्मनिरपेक्षता र गणतन्त्रमाथि धावा बोल्नका लागि नै उनीहरूलाई मिसन चौरासी चाहिएको हो भनेर ठोकुवा गर्न सकिन्छ । देश विकास गर्नका लागि हुन्थ्यो भने विकासको मोडलसहित भिजन चौरासी भनिन्थ्यो । तसर्थ सङ्कल्पयात्रा गरेर होस् या रामनामी बर्को ओडेर मन्दिर चहार्दैमा या जान्नेलाई छान्ने भन्दैमा अब जनता झुक्किँदैनन् ।

**अबको अठोट भिजन ९९ को**

मुलुक यतिखेर सफलता र असफलताको दोसाँधमा उभिएको छ । आउने चौरासीको निर्वाचन सम्म बहुरूपी गठबन्धनले नै शासन गर्ने निश्चित छ । यावत् विकृतिका कारणले चौरासीको निर्वाचनसम्ममा मुलुकको अस्तिपञ्जर मात्र रहनेछ । चौरासीको निर्वाचनमा पनि यिनै मिसन चौरासी भन्नेहरूले विजय हासिल गरे भने मुलुक पक्का असफल राष्ट्रमा परिणत हुनेछ । त्यस कारण मिसन चौरासीको नाममा हुने राजनीतिक ठगीबाट जोगिनु पर्छ । विकल्पको रूपमा भिजन ९९ को खोजी गर्नुपर्छ । आउने चौरासीको निर्वाचनमा मिसनवालाले हैन भिजनवालाले विजय हासिल गर्‍यो भने भिजन ९९ सम्मको पन्ध्र वर्षमा मुलुकले पुनर्जीवन प्राप्त गर्न सक्छ । मलेसिया, सिङ्गापुर, दक्षिण कोरिया, इथियोपिया जस्ता मुलुकहरूले जब भिजनवाला नेता पाए १५ देखि ३० वर्षमा मुलुकलाई समृद्ध र शक्तिसाली मुलुक बनाए । तसर्थ अब नेपालीले मिसनवालालाई हैन, भिजनवालालाई छान्नु पर्दछ । मिसन चौरासीसँग सावधान । रातोपाटीबाट

# उच्च अदालत बार एशोसिएशन राजविराजको निर्वाचनमा पुष १४ गते



हरेराम यादव



बलराम सिंह

**राजविराज**/कानुन व्यवसायीहरुको साझा संगठन उच्च अदालत बार एशोसिएशन राजविराजको निर्वाचनमा पुष १४ हुने भएको छ।

अध्यक्षसहित १३ पदका लागी हुने निर्वाचनमा लोकतान्त्रिक कानून व्यवसायी समूह तथा प्रगतिशिल पेशागत समावेशी कानून व्यवसायी समुह प्यानल सहित चुनावी मैदानमा उत्रेका छन्।

लोकतान्त्रिक कानून व्यवसायी समूहबाट अध्यक्ष पदमा हरेराम यादव, उपाध्यक्ष धमेन्द्र यादव, सचिव मो.समिम अख्तर र कोषाध्यक्षमा उमाशंकर देव रहेका छन्। सोही प्यानलबाट सदस्यहरुमा डा. संतोष कुमार चमन यादव, दिनेश कुमार सिंह, डा. शिव नारायण यादव, रामचन्द्र मण्डल, राज कुमार साह, नित्यदेव प्रसाद यादव, चन्द्रकान्त यादव, किसुन देव ठाकुर र कौशल किशोर दत्त चुनावी मैदानमा छन्।

यस्तै प्रगतिशिल पेशागत समावेशी कानून व्यवसायी समुहबाट अध्यक्ष पदमा बलराम प्रसाद सिंह, उपाध्यक्ष तेजनारायण चौधरी, सचिव दानो कुमारी चौधरी र कोषाध्यक्षमा बालकृष्ण कार्की रहेका छन्। उक्त प्यानलबाट सदस्यहरुमा प्रदिप कुमार मण्डल, उदयचन्द्र जैन, राजकुमार टरैत, भागवत यादव, राम नारायण चौधरी, प्रेम कुमार आले, लिलाम्बर कर्ण र सुरेन्द्र कुमार दास चुनावी प्रतिस्पर्धामा होमिएका छन्।

यता कोषाध्यक्ष पदमा दुबै प्यानलमा नरही स्वतन्त्र उम्मेदवारी दिएर उपेन्द्र यादव पनि आफ्नो भाग्य आजमाउँदै छन्। सह-सचिव पदमा भने दुबै प्यानलबाट उम्मेदवारी नपरेपछी सो पद रिक्त हुन गएको र उक्त पद पछी मनोनयन प्रक्रियाबाट पूर्ती गरिने निर्वाचन समितिले जनाएको छ।

यस्तै केन्द्रिय पार्षद पदमा लोकतान्त्रिक कानून व्यवसायी समूहका सबै ९ जना निर्विरोध निर्वाचित भएका छन्। निर्वाचन समितिका संयोजक धिरेन्द्र कुमार यादवका अनुसार केन्द्रिय पार्षद पदमा डा. देव नारायण यादव, रणधिर कुमार कर्ण, अशोक कुमार झा, बलविर चौधरी, बालाकृष्ण ढुंगाना, मिथलेश चन्द्र लाभ, गुञ्जेश्वर प्रसाद यादव, राम नारायण देव र भुप नारायण यादव निर्विरोध निर्वाचित भएका छन्।

दुई वर्षे कार्यकालका लागी हुने एशोसिएशनको निर्वाचनमा कुल २ सय ३ मतदाता रहेको तथा मतदान सकिए कै दिन मतगणना कार्य सूरु हुने कार्यक्रम तय गरिएको निर्वाचन समितिले जनाएको छ।

## तीन असक्त विद्यार्थीलाई ह्वील चेयर प्रदान

**राजविराज**/ सेभ द सप्तरी नामक संस्थाले शारिरीक रुपमा असक्त रहेका तीन जना विद्यार्थीलाई सोमबार ह्वील चेयर प्रदान गरेको छ।

विद्यालय पुग्न कष्ट झेलिरहेका असक्तको सहजताका लागि एक कार्यक्रमको आयोजना गरि ह्वील चेयर बितरण गरेको संस्थाका अध्यक्ष ध्रुब देवले बताए।

ह्वील चेयर पाउनेहरुमा कक्षा ७ मा पढ्ने राजविराज नगरपालिका १ की आरती यादव, सोही नगरपालिका वडा १६ की सकिना खातुन तथा छिन्नमस्ता गाउँपालिकाका कक्षा ८ मा पढ्ने अन्सर मन्सुरी छन्।

केही समयपछि शारिरीक रुपमा असक्ता कारण विद्यालय जान कष्ट झेलिरहेका थप विद्यार्थीको पहिचान गरि ह्वील चेयर तथा अन्य सामाग्रिह बितरण गर्ने योजना रहेको सो संस्थाले जनाएको छ।

## मैथिली खुल्ला लोक नृत्य प्रतियोगिता आयोजना हुने

**राजविराज**/सप्तरी कलाकार संघ नेपालले राजविराजमा मैथिली खुल्ला लोक नृत्य प्रतियोगिता २०८० आयोजना गर्ने भएको छ।

लोप हुँदै गएको लोक नृत्यलाई सम्वर्द्धन र संरक्षण गर्ने उद्देश्यले आयोजना गर्न लागेको सो लोक नृत्य माघ ६ गते राजविराजस्थित शिवशंकर सिनेमा हलमा हुने आयोजक संस्थाका अध्यक्ष रिन्जन कुमार शर्माले जानकारी दिएका छन्।

लोक नृत्यमा सामुदायिक विद्यालय, संस्थागत विद्यालय, विभिन्न संघ संस्था लगायतले सहभागिता जनाउने उनले बताए। मैथिली लोक नृत्य अन्तरगत झिझिया लोक नृत्य, समाचकेवा लोक नृत्य, डोम कक्ष नृत्य, सरस्वती बन्दना नृत्य र जाटजाटिन लोक नृत्य तथा नेपाली र थारु भाषाका लोक नृत्यहरुलाई प्राथमिकतामा राखिएको छ।

यस प्रतियोगिताका लागि पुस २ गतेदेखी २१ गतेसम्म आवेदन फारम खुल्ला गरिएको तथा प्रतियोगितामा प्रथम हुनेलाई १ लाख, दोश्रो हुनेलाई ५० हजार तथा तेश्रो हुनेलाई २५ हजारका दरले पुरस्कार समेत प्रदान गरिएको संस्थाका अध्यक्ष शर्माले जानकारी दिए।

## माटोको ढिस्कोले पुरिएर मृत्यु

**राजविराज**/माटो लिन गएका एक युवकको ढिस्कोले पुरिएर मृत्यु भएको छ।

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ४ बनौली टोल निवासी ४० वर्षिय परशुराम यादवको मृत्यु भएको हो।

खोला किनारमा माटो लिन गएका बेला माटो खन्दै गर्दा अचानक माटोको ठुलो टुक्रा यादवमाथि खसेको थियो।

गम्भिर घाइते भएका उनलाई तत्कालै उद्दार गरी उपचारका लागि सदरमुकाम राजविराजस्थित छिन्नमस्ता अस्पताल पुऱ्याउँदा उपचारकै क्रममा उनको मृत्यु भएको वडा अध्यक्ष तेजनारायण यादवले बताए।

अस्पतालका चिकित्सकहरुले माटोको ढिस्कोले पुर्दा यादवको छाती र ढाडमा गहिरो चोट लागेको र आईसियूमा राखेर उपचार गर्दा पनि बचाउन नसकिएको बताएका छन्।

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू बन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू बन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## विश्वभर कोभिड-१९ का नयाँ संक्रमितको संख्या ५२ प्रतिशतले वृद्धि

**नयाँदिल्ली**/पछिल्लो चार हप्तामा कोभिड-१९ का नयाँ सङ्क्रमितको सङ्ख्या ५२ प्रतिशतले वृद्धि भएको विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले जनाएको छ।

डब्लुएचओले जारी गरेको पछिल्लो प्रेस विज्ञप्तिमा भनिएको छ, "पछिल्लो २८ दिनमा कोभिड सङ्क्रमितको मृत्यु सङ्ख्या आठ प्रतिशतले कमी आई विश्वभर कूल तीन हजारभन्दा बढी थप मृत्यु भएको छ।

डिसेम्बर १७ सम्ममा कोभिड-१९ सुरु भएयता विश्वभर ७७ करोड २० लाखभन्दा बढी सङ्क्रमित पुष्टि भएका छन् भने करिब ७० लाख कोभिड सङ्क्रमित व्यक्तिको मृत्यु भइसकेको छ। कोभिड-१९ का एक लाख १८ हजार भन्दा बढी नयाँ अस्पताल भर्ना भएका र एक हजार ६०० भन्दा बढी नयाँ सघन उपचार कक्ष (आइसियु) मा भर्ना भएका डब्लुएचओले जनाएको छ।

डब्लूएचओले मानिसहरूलाई उपलब्ध सबै उपकरणहरू प्रयोग गरेर सङ्क्रमण र गम्भीर रोगबाट बच्न उपायहरू अपनाउन सल्लाह दिएको छ। यसमा भीडभाड, बन्द वा हावा नचल्ने ठाउँमा मास्क लगाउने, अरूबाट सुरक्षित दूरी कायम गर्ने, श्वासप्रश्वाससम्बन्धी नियम पालना गर्ने, खोक्दा र हाच्छ्युँ गर्दा नाक मुख छोप्ने, नियमित रूपमा हात सफा गर्ने, कुनै लक्षण देखिएमा वा कोभिड-१९ वा इन्फ्लुएन्जा भएको व्यक्तिको सम्पर्कमा आएको भए परीक्षण गर्ने जस्ता विषय समावेश छन्। एजेन्सी

## दुर्लभ दुई गर्भाशय भएकी अमेरिकी महिलाले जन्माइन् जुम्ल्याहा छोरी

**वासिङ्टन**/अमेरिकी शहर अलाबामाकी ३२ वर्षीया महिलाले दुई वटा पाठेघर लिएर जन्मेकी र दुवैमा गर्भवती भएकी महिलाले छुट्टाछुट्टै दिनमा जुम्ल्याहा छोरीलाई जन्म दिनुभएको छ। केल्सी ह्याचरले आफ्नो इन्स्टाग्राम अकाउन्ट 'डबलुह्याचलिंग्स' मा आफ्नो कहानी शुक्रबार लेख्नुभएको छ, "हाम्रा चमत्कारिक बच्चाहरू जन्मेका छन्!"

रोक्सी लैला नाम की जेठी छोरीको जन्म मङगलवार साँझ ७:४९ बजे भएको हो भने अर्की जुम्ल्याहा शिशु रिबेल लेकेनको बुधबार बिहान ६:०९ बजे जन्म भएको हो। ह्याचरले भन्नुभयो, "चिकित्सकहरूले उनीहरूको जन्म क्रिसमसतिर हुने अनुमान गरेका थिए, तर बहिनीहरू आफ्ना भाइबहिनीहरूसँग छुट्टी मनाउनको लागि समयमा नै आइपुगे।"

आमा र छोरीहरूलाई अस्पतालवाट डिस्चार्ज गरिएको छ। ह्याचरले भविष्यमा गर्भाधानदेखिका सबै विवरण सार्वजनिक गर्ने वाचा गर्नुभएको छ। ह्याचरलाई १७ वर्षको उमेरदेखि नै 'गर्भाशय डिडेल्फिस' छ भन्ने थाहा थियो। यो एक दुर्लभ जन्मजात अवस्था हो जसले बच्चा जन्माउने लगभग ०.३ प्रतिशत महिलाहरूलाई असर गर्दछ। उहाँको गर्भाधानलाई लाखौँमा महिलामध्ये एक जनामा पाइने दुर्लभ घटना भनिएको छ।

मे महिनामा नियमित आठ हप्ताको अल्ट्रासाउन्डका लागि अस्पताल पुगेकी मसाज थेरापिस्ट र पहिले नै तीन सन्तानकी आमा बनीसकेकी ह्याचरले यो पटक आफ्नो पेटमा जुम्ल्याहा बच्चा रहेको र त्यो पनि आफ्नो दुर्लभ दुई वटा गर्भाशयमा एक एक वटा भ्रुण रहेको थाहा पाउनुभएको थियो।

बर्मिङ्घमको महिला तथा शिशु केन्द्रस्थित अलाबामा विश्वविद्यालयमा ह्याचरको हेरचाह गर्ने प्रसूति तथा स्त्रीरोग विशेषज्ञ श्वेता पटेलका अनुसार दुवै गर्भाशयमा गर्भधारण अत्यन्त दुर्लभ छ। ह्याचरका अनुसार सन् २०१९ मा बङ्गलादेशमा २० वर्षीया आरिफा सुल्तानाले २६ दिनको फरकमा स्वस्थ जुम्ल्याहा बच्चा जन्माउनुभएको थियो। एजेन्सी

## गाजामा ७५ दिनमा १३६ सहकर्मी मारिएको संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसको भनाइ

**न्यूयोर्क**/संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले इजरायल र हमासबीच जारी युद्धमा विगत ७५ दिनमा संयुक्त राष्ट्रसङ्घका १३६ जना कामदारको ज्यान गइसकेको र कैयौं कर्मचारीलाई घरछोड्न बाध्य पारिएको बताउनुभएको छ।

राष्ट्र सङ्घको इतिहासमा यति धेरै सङ्ख्यामा आफ्ना कर्मचारीको हताहत भएको अहिलेसम्मको दुर्लभ घटना हो। "गाजामा हाम्रा १३६ सहकर्मी ७५ दिनमा मारिएका छन्, जुन हामीले राष्ट्रसङ्घको इतिहासमा कहिल्यै देखेका छैनौं। हाम्रा अधिकांश कर्मचारीलाई घरबाट निकालिएको छ," संयुक्त राष्ट्रसङ्घका प्रमुखले एक्स (ट्विटर) पोस्टमा लेख्नुभएको छ। उहाँले भन्नुभयो, "म गाजामा सर्वसाधारणलाई सहयोग गर्ने हजारौं सहायताकर्मीप्रति आधार प्रकट गर्दछु।"

अक्टोबर ७ मा इस्लामिक कट्टरपन्थी समूह (हमास) ले गरेको आक्रमणपछि गाजामा द्वन्द्व चर्किएको थियो। करिब दुई हजार ५०० को सङ्ख्यामा हवाई, जल र स्थल मार्गबाट आक्रमणकारी लडाकू प्रवेश गरी इजरायली क्षेत्रमा आक्रमण गरेका थिए जसका कारण करिब एक हजार १४० जनाको हत्या गरेको थियो भने करिब २५० जनालाई बन्धक बनाएको इजरायली तथ्याङ्कमा उल्लेख गरिएको छ।

त्यसपछि इजरायलले निरन्तर हवाई र जमीनी अभियानको साथ आक्रमणको बदलामा जवाफ दिइरहेको छ। गाजा पट्टीस्थित हमास सरकारको सञ्चार कार्यालयले बुधबार दिएको जानकारीअनुसार कम्तीमा २० हजार व्यक्तिको मृत्यु भएको छ, जसमध्ये आठ हजार बालबालिका र छ हजार २०० महिला रहेका छन्।

इजरायलले गाजा आक्रमणलाई हमासको सम्पूर्ण आतङ्कारी समूहलाई समाप्त गर्नका लागि पूर्वाधारलाई लक्षित गरेको र नागरिक हताहती लाई कम गर्ने प्रयासको रूपमा चित्रण गरेको छ। इजरायलको प्रतिरषा बलले गाजा शहरको शेजैया छिमेकमा पूर्ण 'अपरेशनल कन्ट्रोल' स्थापित गरेको बताएको छ। एजेन्सी

# पिएम कप छनोट खेलमा राजदेबी र डाक्नेश्वरी बिजयी



**राजबिराज**/प्रधानमन्त्री कप एकदिवसिय पुरूष सिनियर राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि सप्तरी जिल्लामा छनोट सुरू गरिएको छ।

सप्तरी जिल्ला छनोट प्रतियोगिताबाट मधेश प्रदेश पुरूष सिनियर खेलाडी छनोट प्रतियोगितामा सहभागिताका लागि जिल्लाका ५ टिम बिच प्रतिस्पर्धा गराई उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूवाट सप्तरी सिनियर पुरूष टिम चयन गरिने बताईएको छ।

शनिवार भएको दुई वटा खेलमा राजदेबी सप्तरी ११ र डाक्नेश्वरी सप्तरी ११ बिजयी भएका छन। सप्तरी क्रिकेट संघको आयोजनामा राजबिराजस्थित पबिमाबि खेलमैदानमा सम्पन्न पहिलो खेलमा राजेदबी सप्तरी ११ ले कंकालनी सप्तरी ११ लाई ५ बिकेट पराजित गर्दै बिजय सुरूवात गरेको हो।

टस जितेर ब्याटिङ गर्दै कंकालनीले निर्धारित २० ओभरको खेलमा २ बिकेट को क्षतिमा १ सय १३ रनको योगफल खडा गरेको थियो। जसमा बिकास दासले सर्वाधिक ३८ रन अविजित खेलेका थिए भने पप्पु यादव १४, ताउसिफले १० रन बनाएका थिए।

बलिङतर्फ राजदेबीका सुशान्त देव २, बिजय यादव र निकु यादबले समान्य १/१ बिकेट हात पारेका थिए। जवाफमा राजदेबीले २ बिकेटको क्षतिमा सो लक्ष्य प्राप्त गरेको थियो। जसमा नितेश यादबले ३९ र अमित यादबले ३३ रन बनाउदै अविजित खेल्दै टिमलाई जिताए।

बलिङतर्फ कंकालनीका अशोक यादब र सोहिलले १/१ बिकेट लिएका थिए। खेलको म्यान अफ दि प्लेयर नितेश यादब घोषित भए।

यस्तै दोस्रो खेलमा शम्भुनाथले टस जितेर ब्याटिङ गर्दै ९ बिकेटको क्षतिमा १ सय २७ रनको योगफल खडा गरेको थियो। जसमा रेबती राय २६ रन, अनिल यादब २२ निरज यादव २१ र गौतम साह १० रन बनाएका थिए।

बलिङतर्फ डाक्नेश्वरीका गुणान्द राय र रमानन्दले समान २ बिकेट तथा अभिषेक कार्की, सन्दिप यादव, अजय यादबले समान्य १/१ बिकेट लिएका थिए। प्रतिउतरमा डाक्नेशवरीले ५ बिकेटको क्षतिमा बिजय लक्ष्य पार गऱ्यो।

जसमा गुणानन्द रायको उत्कृष्ट ब्याटिङ गर्दै १० चौका र १ छक्काको मदतले सर्वाधिक ७५ रन बनाउदै अविजित खेलेपछि जित सहज भएको थियो। यसैगरी अर्का ब्याटर वसन्त यादबले १४ तथा अमन यादबले १२ रन जोडेका थिए।

बलिङतर्फ शम्भुनाथका भोला भण्डारीले ३ बिकेट र रेबती राय, धिरज समान्य १/१ बिकेट हात पारेका थिए। दोस्रो खेलको म्यान अफ दि प्लेयर गुणान्द रायले घोषित भए।

पुस ७ देखि १२ गते सम्म प्रतियोगिता संचालन हुने सप्तरी क्रिकेट सँघका सचिव चन्दनकुमार यादबले जानकारी दिए।

# लोसपा केन्द्रिय सदस्य यादवको निधन

**राजविराज**/सप्तरीको राजगढ गाउँपालिका २ कमलपुर निवासी राजेन्द्र प्रसाद यादव (राजाबाबु) को बिहीबार निधन भएको छ। उनी लोकतान्त्रिक समाजवादी पार्टी नेपालका केन्द्रिय सदस्य समेत थिए।

८० वर्षिय यादवको आफ्नै घरमा बिहान निधन भएको हो। पंचायत कालमा क्षेत्रपाल समेत बनेका उनी नेपाल सद्भावना पार्टीबाट खुल्ला राजनीतिमा सक्रिय भएका थिए। उनी केही दिनयता अस्वस्थ्य रहदै आएका थिए।

लोसपा नेपालका वरिष्ठ नेता राजेन्द्र महतो बिहीबार उनको घर पुगि श्रद्धाञ्जली व्यक्त गरे। यादवको पार्थिव शरीरमा पार्टीको झण्डा ओढाएर उनले अन्तिम श्रद्धाञ्जली दिएका थिए। सो अवसरमा पार्टीका केन्द्रिय सदस्य जयप्रकाश ठाकुर, दिपेन्द्र चौधरी, गजेन्द्र कुमार मण्डल, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश यादवलगायत ठूलो संख्यामा पार्टीका नेता, कार्यकर्ता, समर्थकहरुको उपस्थिति रहेको थियो।


सूचना ! सूचना !! सूचना !!!

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

यही मिति २०८० पौष २४ गते देखि २६ गते सम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराज मा टिचिङ हस्पिटल महाराजगञ्ज, काठमाण्डौका नाक, कान, घाँटी विभागका विशेषज्ञ डाक्टर तथा भुतपुर्व प्रमुख सहरुद्वारा कानको शल्यक्रिया (Operation) शिविर हुने भएको व्यहोरा सम्पूर्ण सेवाग्राहीहरुमा जानकारी गराउन चाहन्छौं। तसर्थ कानका रोगीहरूले समयमा नै आफ्नो कानको जाँच गराई मौकाको फाईदा उठाउनु हुन अनुरोध छ।





शल्यक्रिया हुने स्थान : प्राथमिक कान उपचार केन्द्र राजविराज-९, मलेठ, सप्तरी

दर्ताको लागि सम्पर्क स्थान :
प्राथमिक कान उपचार केन्द्र, राजविराज-९, मलेठ, सप्तरी
मिति : २०८०/०९/२४, २५ र २६ गते (ता. 9, 10 र 11, Jan. 2024)
सम्पर्क नम्बर: 031-590005, 9804742280, 9742270784
प्राथमिक कान उपचार केन्द्र, भाइघाट, उदयपुर
सम्पर्क नम्बर : 035-423652, 9811732021, 9842840054

IMPACT Nepal
Committed to the Prevention of Disability
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज-९ मलेठ, सप्तरी


# दुई सय ४० केजी गाजा बरामद

**राजविराज**/सशस्त्र प्रहरीले करिब २ सय ४० केजी गाजा बरामद गरेको छ।

आठ वटा बोरमा प्याक गरी राखिएको गाजा सशस्त्र प्रहरी बल बोडर आउट पोस्टले बिहीवार हनुमाननगर कंकालिनी नगरपालिका ८ कोशी पलार क्षेत्रबाट बरामद गरेको हो।

गोप्य सुचनाको आधारमा पुगेको सशस्त्र प्रहरीको बर्साइनस्थित टोलीले सो परिमाणको गाजा बरामद गरेको सशस्त्र प्रहरीबल नेपाल नं ६ गण हेडक्वाटर सप्तरीले जनाएको छ।

लागु औषधको रुपमा गाजाको प्रयोग र कारोबार बढ्दै गएपछि सीमा क्षत्रमा बढाइएको निगरानीका क्रममा उक्त गाजा बरामद भएको सशस्त्र प्रहरी बलमा सुचना अधिकारी नायब उपरिक्षक मोहन राज विष्टले जानकारी दिए।

बरामद गाँजा विहीवारै नेपाल प्रहरीको जिम्मा लगाई गाजा लुकाई राख्ने व्यक्तीबारे थप अनुसन्धान भईरहेको उनले बताए।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

अनुरोधकर्ता
सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, कदमाहा, सप्तरी



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*